Akron Children's Hospital

# हेरचाहसम्बन्धी जानकारी

## ब्रेस्ट पम्प सफा गर्ने तरिका (Nepali)

ब्रेस्ट पम्प किट र पम्प धुने निर्देशनहरू

1. आफ्नो हात मनतातो पानी र साबुनले धुनुहोस्।

2. हरेक भागलाई सावधानीपूर्वक छुट्याउनुहोस्।

3. हरेक ब्रेस्ट पम्प सत्रपश्चात् चार वटै भाग धुनुपर्छ। यी चार वटा भाग भनेका ब्रेस्ट फ्ल्याङ, ब्रेस्ट पम्प बोतल, डायफ्राम र एकतर्फी ड्रिप भल्भ हुन्। कोलोस्ट्रम कलेक्टर प्रयोग गरिने हो भने कृपया त्यो पनि सफा गरिएको छ भनी सुनिश्चित गर्नुहोस्।

4. ट्युबिङ, ढक्कन र ब्रेस्ट ट्युबिङ एडेप्टर भने धुनु पर्दैन।

5. पम्पको भाग धुँदा उपलब्ध गराइएका बेसिन, बोतल ब्रस र भाँडा माझ्ने साबुन प्रयोग गर्नुहोस्।

6. ब्रेस्ट पम्प किट हावाले सुक्न दिनुहोस् वा सफा पेपर टावेलले सुख्खा राख्नुहोस्। नवजात सघन हेरचाह युनिट (Neonatal intensive care unit, NICU) मा ब्रेस्ट पम्प किटहरू सफा गर्न माइक्रोवेभमा प्रयोग गर्न मिल्ने सेनिटेसन ब्याग र बोतल ब्रस प्रयोग गरिन्छ।

7. कृपया हरेक ब्रेस्ट पम्पिङ सत्रपश्चात् ब्रेस्ट पम्प किटलाई साबुन र पानीले धुनुहोस्।

ब्रेस्ट पम्प किट सक्दो सफा होस् भन्नका लागि आफ्नो पम्प किट धाराको फ्ल्यासबाट टाढा राख्नुहोस्।

8. कृपया ब्रेस्ट पम्पिङ सुरु गर्नुअघि आफ्ना हात फेरि धुनुहोस्।

Akron Children's Hospital

# हेरचाहसम्बन्धी जानकारी




4/23

*यो जानकारीलाई तपाईंको प्रदायकको चिकित्सा सुझाव, उपचारको योजना वा नर्स वा अन्य हेरचाह प्रदायकद्वारा उपलब्ध गराइएको शिक्षाको साटो लिनु हुँदैन। तपाईं अनुकूल बनाइएको हेरचाहको योजना पालना गर्न सुनिश्चित हुनुहोस्। यो पानामा भएको कुनै पनि कुरालाई चिकित्सा सुझाव, निदान वा उपचारका रूपमा लिनु हुँदैन। तपाईंसँग यो वा चिकित्सासम्बन्धी अन्य जानकारीका बारेमा प्रश्नहरू छन् भने आफ्नो हेरचाह प्रदायकसँग कुराकानी गर्नुहोस्। तपाईंलाई तत्काल चिकित्सा सहायता चाहिएको हो भने तुरुन्तै मद्दत खोज्नुहोस्। तपाईं अस्पतालभन्दा बाहिर हुनुहुन्छ भने 911 मा फोन गर्नुहोस्। तपाईं अस्पताल बसेको बिरामी हुनुहुन्छ भने मद्दतका लागि आफ्नो नर्स वा हेरचाह टोलीका अरू सदस्यलाई अनुरोध गर्नुहोस्।*

बिरामी र परिवारहरूलाई निःशुल्क उपलब्ध हुने दोभासे र अन्य भाषा पहुँच सेवा तथा सहायताहरूका बारेमा जानकारीका लागि कर्मचारी सदस्यलाई अनुरोध गर्नुहोस्।

भाषा पहुँच सेवा
Servicios de Acceso al Idioma